**माडीगाउँपालिका**
**गाउँकार्यपालिकाको कार्यालय**
घर्तीगाउँ, रोल्पा
लुम्बिनीप्रदेश, नेपाल

**स्थानीयराजपत्र**

खण्ड : ४ संख्याः १ मितिः२०७७/०६/२८

**भाग-२**

कार्यपालिकाबाट स्वीकृत मितिः२०७७/०६/२२

# संस्था दर्ता तथा नविकरण कार्यविधि २०७७

**प्रस्तावना**

माडी गाउँपालिका भित्र कार्यक्षेत्र, निर्धारण गरि संस्था संचालनका लागि अनुमति दिने नवीकरण गर्ने कार्यविधि व्यवस्था गर्न वाच्छनीय भएकाले सविधानको धारा २२६ को उपधारा (१) स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ (ठ) र सोहि ऐनको दफा १०२ तथा माडी गाउँपालिकाको संस्था दर्ता ऐन, २०७६ को दफा १५को अधिकार प्रयोग गरि माडी गाउँकार्यपालिकाले यो कार्यविधि तर्जुमा गरेको छ।

परिच्छेद १

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ :(१) यस कार्यविधिको नाम संस्था दर्ता तथा नवीकरण कार्यविधि २०७७ रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषा

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "संस्था" भन्नाले सामाजिक, साहित्यिक, संस्कृतिक वैज्ञानिक, शैक्षिक, बौद्धिक, सैद्धान्तिक, शारीरिक ,आर्थिक व्यवसायिक तथा परोपकारी कार्यहरुको विकास, एवम विस्तार गर्ने उद्देश्यले स्थापना भएको संघ, संस्था, क्लव , मण्डल , परिषद ,अध्ययन केन्द्र, समिति आदि सम्झनुपर्दछ र सो शब्दले मैत्री संघ समितिलाई बुझाउछ ।

(ख)"स्थानीय आधिकारी" भन्नाले प्रमुख प्रशासकीय अधिकृत लाई बुझाउँछ। साथै सो शब्दले निजले निमित्त तोकेको व्यक्ति समेतलाई सम्झनुपर्छ ।

(ग) "प्रबन्ध समिति " भन्नाले संस्थाको विधान समिति गठन भएको प्रबन्ध समितिलाई बुझाउछ ।

(घ) "कार्यक्षेत्र " भन्नाले माडी गाउँपालिकालाई कार्यक्षेत्र बनाई मुख्य कार्यालय गाउँपालिका भित्र भएकालाई सम्झनुपर्दछ ।

(ङ) "अध्यक्ष" भन्नाले माडी गाउँपालिकाको अध्यक्षलाई सम्झनुपर्छ ।

(च) "उपध्यक्ष " भन्नाले माडी गाउँपालिकाको उपध्यक्षलाई सम्झनुपर्छ ।

(छ) "कार्यपालिका" भन्नाले माडी गाउँपालिका बुझाउछ ।

(ज) "सदस्य " भन्नाले गाउँपालिकाको सदस्य सम्झनुपर्छ। साथै सो शब्दले अध्यक्ष, उपाध्यक्ष र वडा अध्यक्ष समेत लाई बुझाउछ ।

३. संस्था दर्ता :

(१) संस्था स्थापना गर्न चाहने कुनै सात जना वा सो भन्दा बढी व्यक्तिहरुलेसंस्था सम्बन्धि देहायका विवरण खुलाई संस्थाको विधान २ प्रति र तोकिएको दस्तुर सहित अनुसूची १ को ढाँचामा स्थानीय अधिकारी समक्ष निवेदन दिनुपर्नेछ ।

(क) संस्थाको नाम

(ख) संस्थाको उद्देश्यहरु

(ग) प्रवन्ध समितिका सदस्यको नाम ठेगाना र पेशा

(घ) आर्थिक स्रोत

(ङ) कार्यलयको ठेगाना

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएपछि स्थानीय अधिकारीले संस्था दर्ता गर्न उचित ठानेमा अनुसूची २ बमोजिम दर्ता किताबमा संस्था दर्ता गर्नुपर्ने छ । र त्यसरी संस्था दर्ता गरि सकेपछी अनुसूची बमोजिम दर्ताको प्रमाणपत्र दिईनेछ।

(३) स्थानीय अधिकारीले कुनै संस्था दर्ता नगर्ने निर्णय गरेमा त्यसको सूचना निवेदनलाई दिनुपर्नेछ। र निवेदकले सूचना प्राप्त गरेको ३५ दिनभित्र त्यस्तो निर्णयउपर गाउँपालिका अध्यक्ष समक्ष उजुर गर्ने सम्झनुपर्छ।

(४) उपदफा ३ बमोजिम उजुर प्राप्त भएपछी अध्यक्षले आवश्यक जाँचबुझ गरि त्यस्तो संस्था दर्ता गर्न मनसिब ठहराएमा सो संस्था दर्ता गर्न स्थानीय अधिकारीलाई आदेश दिन सकिने र त्यस्तो आदेश पछी स्थानीय अधिकारीले संस्था दर्ता गरिदिनुपर्ने छ।

४. दर्ता अवधि नवीकरण दस्तुर :

(१) नियम ४(२) बमोजिम दिएको दर्ता प्रमाणपत्र एक आर्थिक वर्षसम्म बहाल रहनेछ।

(२) उपनियम १ बमोजिम संस्थाको दर्ता बहाल रहने अवधि समाप्त भएको मितिले ३ महिना भित्र सम्बन्धित व्यक्तिले स्थानीय अधिकारीबाट रु पाँच सय दस्तुर तिरी दर्ता प्रमाणपत्र नवीकरण गराउनुपर्नेछ।

(३) उपनियम २ बमोजिम म्याद नाघी कुनै संस्थाले त्यस्तो म्याद नाघी नविकरण हुन नसकेको मनासिब कारण देखाई दर्ताको प्रमाण पत्र नवीकरणको लागि निवेदन आएमा स्थानीय अधिकारीले उपनियम २ बमोजिम

लाग्ने दस्तुरमा देहाय बमोजिमको थप दस्तुर लिई नवीकरण गरिदिन सक्नेछ।

(क) उपनियम (२) बमोजिम म्याद नाघेको ३ महिनाका लागि रु. ५००।–

(ख) खण्ड (क) को म्याद नाघेपछि अर्को आषाढ मसान्त सम्मका लागि रु १,०००।–

(ग) खण्ड (ख) को म्याद नाघेपछि अर्को आर्थिक वर्ष सम्मका लागि रु १,०००।– को दरले २ आर्थिक वर्षका लागि रु. २,०००।–

(४) उपनियम २ र ३ मा जुनसुकै कुरा लेखिएको भएतापनि म्याद भित्र नवीकरण नगरेको संस्थाहरुले दर्ता प्रमाणपत्र नवीकरण हुन नसकेको मनासिव कारण देखाई नवीकरणको लागि निवेदन दिएमा प्रत्यक वर्ष लाग्ने नवीकरण दस्तुरका अतिरिक्त प्रत्येक आर्थिक वर्षका लागि १,०००।– दरले थप जरिवाना समेत लिई स्थानीय अधिकारीले त्यस्तो दर्ताको प्रमाण पत्र नविकरण गरिदिन सक्नेछ।

(५) दर्ता प्रमाणपत्र नवीकरण गर्न संस्थाले निवेदन दिँदा कार्यसमितिका पदाधिकारीहरुको नामावली संलग्न गर्नुपर्नेछ ।

(६) उपनियम ३ बमोजिम दर्ता प्रमणपत्रको नवीकरण गरेको जानकारी स्थानिय अधिकारीले नेपाल सरकार गृह मन्त्रालयलाई दिनुपर्नेछ।

५. अघि दर्ता नभइ स्थापना भएका संस्था दर्ता गर्ने यो कार्यविधि प्रारम्भ हुनु भन्दा आघि स्थापना भई अस्तित्वमा रहेका कुनै पनि संस्था यो कार्यविधि प्रारम्भ भएको मितिले ३ महिना भित्र दर्ता गरिसक्नुपर्नेछ।

।

(१) हकमा सो संस्थाको जायजोले खामे सम्म त्यस्तो दायित्व नेपाल सरकारले व्यहोर्नेछ।

६. अन्य नेपाल ऐन बमोजिम दर्ता वा स्थापना गर्नुपर्ने कुनै संस्थाको दर्ता वा स्थापना गर्ने सम्बन्धमा अर्को नेपाल ऐनमा छुट्टै व्यवस्था भएकोमा यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि त्यस्तो संस्था सोहि ऐन बमोजिम दर्ता वा स्थापना गर्नुपर्नेछ।

७. संस्थाले पालना गर्नु पर्ने शर्तहरु : यस कार्यविधि बमोजिम दर्ता भई संचालनमा रहेको संस्थाहरुले परियोजना वा दैनिक प्रशासन संचालन गर्दा देहाय बमोजिमको शर्तहरुको अधिनमा रही गर्नुपर्नेछ।

(क) निष्पक्ष , स्वतन्त्र , तथस्ट रुपमा आफ्ना गतिविधि संचालन गर्नुपर्नेछ

(ख) लोक कल्याणकारी कार्यमा ध्यान दिनुपर्नछ।

(ग) देशको राष्ट्रीयता, सर्वभौम सत्ता, अखण्डतामा कुनै किसिमको आँच आउने कार्य गर्न पाईनेछैन।

(घ) सेवा लिने इच्छुक सेवाग्राहीलाई विना पूर्वाग्रह सेवा उपलव्ध गराउनुपर्नेछ।

(ङ) आपतकालीन वा विपद्क समयमा गाउँपालिकाले कुनै खास परियोजना संचलान गर्ने जिम्मेवारी दिएमा निशर्त उक्त परियोजना संचालन गर्नुपर्नेछ।

(च) प्रचलित ऐन कानुनको पुर्वारूपमा परिचालन गर्नु पर्नेछ।

८. गर्न नहुने कार्य : संस्थाहरुले देहाय बमोजिमको कुनै कार्य गर्न पाईनेछैन :

(क) नेपालको सार्वभौम सत्ता र अखण्डतामा आँच पुर्याउने

(ख)आदालतको अपहेलना हुने

(ग) नेपालको सुरक्षा, शान्ति र सु- व्यवस्थामा खलल पर्न जाने

(घ) सर्वसाधारण जनताको सदाचरिता, नैतिकता र सामाजिक मान मर्यादामा आँच पुग्ने

(ङ) विभिन्न जात जाति, धर्म संस्कृत परम्परा वर्ण क्षेत्र सम्प्रदाय विच वैमनश्यता सिर्जना हुने कार्य गर्ने

(च) सामाजिक विकृति वा कुभावना फैलाउने

(छ) संविधान तथा प्रचलित कानुनमा गर्न नहुने भनि तोकी सवै कार्य

९. विधान संशोधन :

(१) संस्थाको विधान उक्त संस्थाको दैनिक कार्य सम्पादनमा वाधक देखिएमा साधारणसभाको २ तिहाई सदस्यको मतद्वारा संसोधन गर्न सकिनेछ ।तर सो संशोधित विधान लागु गर्न स्थानीय अधिकारीको पुर्व स्वीकृत लिनुपर्ने छ ।

अनुसूची १

(नियम ३ सँग सम्बन्धित )

निवेदन पत्रको ढाँचा

श्री प्रमुख प्रशासकीय अधिकृत,
गाउँकार्यपालिकाको कार्यालय
माडी गाउँपालिका,
घर्तिगाउँ, रोल्पा।

महोदय,

हामीले........................................... सम्बन्धित संस्था खोल्न स्थानीय सरकार संचालन ऐन २०७४ माडी गाउँपालिका संस्था दर्ता ऐन, २०७६ बमोजिम संस्था दर्ता गर्नका लागि देहायका विवरण खोलि निवेदन पेश गरेका छौं। प्रस्तावित विधान २ प्रति पनि यसै साथ संलग्न गरिएको छ।

विवरण :

१. संस्थाको नाम
२. संस्थाको उद्वेश्य
३. प्रबन्ध समितिका सदस्यहरुको

| क्र.स. | नाम | ठेगाना | पेशा |
|---|---|---|---|
| | | | |

४. आर्थिक स्रोत
५. कार्यलयको ठेगाना

मिति :............................

भवदीय :

अनुसूची २
(नियम ४ सँग सम्बन्धि )
दर्ता कितावको ढाँचा

| क्र. स | दर्ता मिति | | | संस्थाको नाम र ठेगान | संस्थाको उद्देश्य | पदाधिकारी रकम सदस्यहरुको नाम ठेगाना | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | साल | महिना | गते | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

अनुसूची ३
(नियम ४ सँग सम्बन्धित)
संस्था दर्ताको प्रमाण पत्र

श्री अध्यक्ष/सचिव
......................................

(संस्थाको नाम) स्थानीय सरकार संचालन ऐन २०७४, माडी गाउँपालिका संस्था दर्ता ऐन, २०७६ र बमोजिम ............. साल ........... महिना ........ गतेमा दर्ता गरि यो प्रमाणपत्र दिइएकोछ।
(प्रमुख प्रशासकीय अधिकृत)
हस्ताक्षर:

**नवीकरण**

| नवीकरण गरेको मिति | दर्ता प्रमणपत्र बहाल रहने अवधि | नविकरण दस्तुर | प्रमुख प्रशासकीय अधिकृतको दस्तखत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

आज्ञाले
सबिनसिंहचौधरी
प्रमुख प्रशासकीय अधिकृत